# समझदारीपत्र

## काठमाडौं विश्वविद्यालय

## तथा

## नीति अनुसन्धान प्रतिष्ठान

२०७८-१-५

## काठमाडौं विश्वविद्यालय र नीति अनुसन्धान प्रतिष्ठान बिच भएको समझदारी-पत्र

**२०७८ बैशाख ५**

### पृष्ठभूमि

काठमाडौं विश्वविद्यालय विविध शास्त्रीय र व्यावसायिक विषयहरुमा उत्कृष्ट शैक्षिक गुणस्तर कायम गर्ने एक स्वायत्त, मुनाफारहित र स्वनिर्भर उच्च शैक्षिक संस्थाको रूपमा नेपालको संसदले वि. सं. २०४८ मा जारी गरेको ऐनबाट स्थापित गरिएको संस्था हो । नेतृत्वको निम्ति गुणस्तरीय शिक्षा प्रदान गर्ने दूरदृष्टि रहेको यस संस्थाले ज्ञान र कौशललाई "क्याम्पसबाट समुदायसम्म" लैजाने नाराका साथ समुदायको आवश्यकता पूरा गरी राष्ट्रको सेवा गर्ने लक्ष राखुका साथै ज्ञान तथा प्रविधिलाई मानव जातिको सेवामा लगाउन समर्पित विश्व स्तरको विश्वविद्यालय बन्ने चाहना राखेको छ । यस संस्थाबाट दीक्षित विद्यार्थीहरू उद्योग र समुदायको व्यापक अनुभव, अनुसन्धान क्षमता, प्राविधिक साक्षरता, सञ्चार क्षमता, सामूहिक कार्य र नेतृत्व भावना, र वैश्विक अनुकुलता जस्ता गुणहेरूबाट चिनिन्छन् । यस विश्वविद्यालय अन्तर्गत सात स्कूलहरू रहेका छन्: १) स्कूल अफ आर्टस्, २) स्कूल अफ एजुकेशन, ३) स्कूल अफ इन्जिनीयरिङ, ४) स्कूल अफ ल, ५) स्कूल अफ म्यानेजमेन्ट, ६) स्कूल अफ मेडिकल साइन्स, र ७) स्कूल अफ साइन्स ।

नीति अनुसन्धान प्रतिष्ठान नेपालको आर्थिक, सामाजिक, राजनैतिक, साँस्कृतिक, विकास, निर्माण, सुरक्षा, परराष्ट्र सम्बन्ध तथा शासकीय सुधार क्षेत्रका विभिन्न पक्षमा नेपाल सरकारले अपनाउने वा अपनाएको विभिन्न नीतिको अध्ययन, अनुसन्धान र विश्लेषण गरी सुधारको सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्न नेपाल सरकारले नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५ बमोजिम गठन गरेको नीति अनुसन्धान संस्था हो । नीति अनुसन्धान प्रतिष्ठानले नेपालले अख्तियार गर्नुपर्ने विभिन्न नीतिका सम्बन्धमा र विषयगत विविधकालीन नीति, योजना, कार्यक्रम र रणनीतिका सम्बन्धमा अध्ययन अनुसन्धान; विज्ञ समूहको विवरण निर्माण; विविध क्षेत्रका नीतिगत विषयमा सरकारलाई सुझाव; नीति संवाद; विश्वविद्यालय लगायत विभिन्न अनुसन्धान संस्थाहरूसँग अनुसन्धान सहकार्य र सार्वजनिक नीति सान्दर्भिक प्रामाणिक सूचना र ज्ञानको उत्पादन तथा प्रसार लगायतका कार्यहरू गर्दछ ।

नीति अनुसन्धान प्रतिष्ठान र काठमाडौं विश्वविद्यालय आपसी साझा जिम्मेवारी र सहमतिका विषयमा संस्थागत सहकार्य र सहयोगको प्रतिबद्धता र समझदारीलाई औपचारिक संस्थागत स्मृतिमा राख्नका निम्ति यो समझदारी-पत्रमा हस्ताक्षर गर्दछौं ।

यस समझदारीपत्रका हस्ताक्षर गर्ने संस्थाहरूलाई एकल रूपमा "पक्ष" र सामूहिक रूपमा "पक्षहरू" भनिनेछ ।

दफा १

**प्रयोजन**

नीति अनुसन्धान प्रतिष्ठान (यसपछि नी. अ. प्र. भनिने छ) र काठमाडौं विश्वविद्यालय (यसपछि का. वि. भनिने छ) बिच साझा संस्थागत जिम्मेवारी र सहमतिका विषयमा सहकार्य र सहयोग तथा विशिष्टीकृत कार्यहरूमा आपसी परिपूरकताद्वारा कार्यकुशलता र पूर्णता हासिल गर्न मद्दत पुग्नेछ भन्ने कुरामा पक्षहरू सहमत भई सो प्रयोजनका सहकार्य र सहयोगको प्रतिबद्धताको लागि यो समझदारी गरिएको छ ।

दफा २

**सहयोग र सहकार्यका प्रकार**

यस समझदारीमार्फत् दुबै पक्षहरू निम्नलिखित किसिमका लगायत सबै साझा जिम्मेवारी र सहमतिका विषयमा सहयोग र सहकार्य गर्न सहमत भएका छौं ।

(१) नीति अनुसन्धान, अनुगमन र मूल्याङ्कन;
(२) सार्वजनिक नीति र सम्बन्धित विषयमा संवाद;
(३) सँयुक्त अनुसन्धान र प्रकाशनको प्रबर्धन;
(४) का. वि. का फ्याकल्टीहरूको निम्ति फेलोशिपको प्रबर्धन;
(५) विद्यार्थीहरूको निम्ति इन्टर्नशिप र अनुसन्धान अवसरको प्रबर्धन;
(६) राष्ट्रिय महत्त्वका मुद्दामा अनुसन्धान गर्न स्नातकोत्तर, एमफिल र विद्यावारिधि कार्यक्रमका विद्यार्थीलाई अनुसन्धान अवधारणा र सहायता उपलब्ध गराउने;
(७) का. वि. का स्कूलहरू र नी. अ. प्र. बिच इलेक्ट्रोनिक प्राज्ञिक स्रोत बाँड्न सहज बनाउने;
(८) विद्यार्थीहरूका अनुसन्धान र शोधप्रबन्धका सार प्रकाशन गर्ने र सम्बन्धित मन्त्रालय सम्म पुऱ्याउने;
(९) समसामयिक विषयमा सेमिनार, सम्मेलन, गोष्ठीको सँयुक्त आयोजना;

(१०) का. वि. अन्तर्गतका स्कूलहरूसँग विविध सहकार्य;

(११) का. वि. स्कूल अफ म्यानेजमेन्टको सार्वजनिक नीति तथा व्यवस्थापन कार्यक्रम र अन्य स्कूलका सार्वजनिक नीति सम्बन्धित शैक्षिक कार्यक्रमको लागि आपसी सहयोग;

(१२) दुबै पक्षले उपयुक्त ठानेका अन्य कार्यक्रमहरू ।

**दफा ३**

**सहयोग र सहकार्यको विधि**

दुबै पक्षहरूले आपसी सहमतिको विषयमा सहयोग र सहकार्य गर्दा निम्नलिखित विधि अवलम्बन गर्नेछौं ।

(१) उल्लेख्य स्रोत र समय लाग्ने अनुसन्धान परियोजना वा विशेष कार्यक्रमको हकमा प्रत्येक परियोजना/कार्यक्रमको लागि कार्यविवरण र विस्तृत प्रस्ताव सहितको छुट्टाछुट्टै सम्झौतापत्र बनाई कार्यविवरण अनुसार परियोजना/कार्यक्रम सञ्चालन र सम्पन्न गर्ने गरी सहकार्य गरिनेछ ।

(२) उपदफा (१) अनुसारका सहकार्य गर्न दुई पक्षहरूबिच मात्र वा अन्य पक्षहरू समावेश गरी समेत सहकार्य गर्न सकिनेछ ।

(३) उपदफा (१) बाहेक अन्य कार्यको हकमा पत्राचारको माध्यमबाट सहकार्य र सहयोगको सहमति बनाई सहमति अनुसार कार्य गर्न सकिनेछ ।

**दफा ४**

**काठमाडौं विश्वविद्यालयका जिम्मेवारी**

दुई पक्षबिच प्रत्येक सहयोग र सहकार्यका खास ढाँचा र जिम्मेवारी आपसी सहमति अनुसार हुनेछ । का. वि. का जिम्मेवारी देहाय बमोजिमका हुनेछन्:

(१) नी. अ. प्र. सँगको सहकार्यमा गर्न सकिने कार्यक्रमहरूको बारेमा उपयुक्त माध्यमबाट नी. अ. प्र. लाई जानकारी दिने;

(२) सान्दर्भिक प्रकाशन र सूचना नी. अ. प्र. लाई उपलब्ध गराउने;

(३) सहकार्यमा सम्पन्न गर्न सहमति गरिएका कार्यक्रमको लागि सहमति अनुसार प्रशासनिक, वित्तीय र भौतिक सहयोग उपलब्ध गराउने;

(४) संयुक्त कार्यक्रमको लागि सहमति गरिए अनुसार अनुसन्धानकर्ता, विज्ञ र कर्मचारी नियुक्ति र परिचालन गर्ने;

(५) दुबै पक्षको साझा चासोका विषयमा हुने सभा, सेमिनार, नीति संवाद र अन्य कार्यक्रममा निमन्त्रणा गर्ने;

(६) दुबै पक्ष सहमत भएका कार्यक्रम सम्पन्न गर्ने ।

## दफा ५
## नीति अनुसन्धान प्रतिष्ठानको जिम्मेवारी

दुई पक्षबिच प्रत्येक सहयोग र सहकार्यका खास ढाँचा र जिम्मेवारी आपसी सहमति अनुसार हुनेछ । नी. अ. प्र. को जिम्मेवारी निम्नलिखित लगायतका हुनेछन् ।

(१) का. वि. सँगको सहकार्यमा गर्न सकिने कार्यक्रमहरूको बारेमा उपयुक्त माध्यमबाट का. वि. लाई जानकारी दिने;

(२) सहकार्यमा सम्पन्न गर्न सहमति गरिएका कार्यक्रमको लागि सहमति अनुसार प्रशासनिक, वित्तीय र भौतिक सहयोग उपलब्ध गराउने;

(३) संयुक्त कार्यक्रमको लागि सहमति गरिए अनुसार अनुसन्धानकर्ता, विज्ञ र कर्मचारी नियुक्ति र परिचालन गर्ने;

(४) दुबै पक्षको साझा चासोका विषयमा हुने सभा, सेमिनार, नीति संवाद र अन्य कार्यक्रममा का. वि. का स्कूलका प्रतिनिधिहरूलाई निमन्त्रणा गर्ने;

(५) नी. अ. प्र. ले नियमित रूपमा आयोजना गर्ने सार्वजनिक नीति संवादमा सँयुक्त सहयोग, सहभागीता, र योगदानको लागि का. वि. लाई सूचना उपलब्ध गराउने र परामर्श गर्ने;

(६) नी. अ. प्र. को सार्वजनिक नीति स्रोत केन्द्र को क्षमता र उपयोग विस्तारको लागि सहयोग र सहकार्य;

(७) दुबै पक्ष सहमत भएका कार्यक्रम सम्पन्न गर्ने ।

## दफा ६
## प्रावधानहरू

(१) यस समझदारीपत्रमा उल्लेख भएका प्रावधानहरूमा नेपालको विद्यमान कानून लागु हुनेछ ।

(२) दुबै पक्षको अधिकारप्राप्त निकाय प्रमुख वा निजले अधिकार प्रत्यायोजन गरी तोकेको व्यक्तिले गरेको काम यस समझदारीपत्रको लागि मान्य हुनेछ ।

(३) यस समझदारी पत्रमा उल्लेख भएको कुनै अंश कुनै कारणले गैरकानूनी भई लागु गर्न नसकिए पनि बाँकी रहेको भाग कायम नै रही क्रियाशील रहने छ ।

(४) दुबै पक्षले एक-आपसमा समझदारीपत्रमा उल्लेख भएको कुराहरूको सम्बन्धमा सूचना आदान प्रदान गर्न सक्ने छन् ।

(५) यस समझदारीबाट सिर्जित कुनै क्षति बापत कुनै प्रकारको क्षतिपूर्तिको दावी गर्न पाईने छैन ।

(६) यो समझदारी हस्ताक्षर भएको मितिबाट ५ वर्ष क्रियाशील रहने छ दुबै पक्षको सहमतिमा नवीकरण गर्न सकिने छ ।

(७) दफा (६) मा जुनसुकै कुरा लेखिएको भएपनि कुनै एक पक्षले अर्को पक्षलाई तीन महिनाको पूर्व सूचना दिई यो सहमतिलाई अन्त्य गर्न सक्नेछ ।

(८) यस समझदारीपत्रमा लेखिएका कुनै पनि प्रावधानलाई दुबै पक्ष सहमत भई परिवर्तन गर्न, हटाउन वा नयाँ प्रावधान थप्न सक्नेछन् ।

**हस्ताक्षर**

दुबै पक्षका प्रतिनिधिहरूले नेपाली भाषामा लेखिएको यस समझदारीपत्रको दुई प्रतिहरूमा काठमाडौं विश्वविद्यालय,.धुलिखेलमा बसी देहायको मितिमा हस्ताक्षर गरी प्रत्येक पक्षले एक एक प्रति लियौं, दियौं ।

डा. बिष्णु राज उप्रेती
कार्यकारी अध्यक्ष
नीति अनुसन्धान प्रतिष्ठान
सानो गौचरन, काठमाडौं
मिति २०६८/०१/०५

प्रा. डा. सुबोध शर्मा
**रजिस्ट्रार**
काठमाडौं विश्वविद्यालय
धुलिखेल, काभ्रे
मिति ०६८/०१/०५